# ऐसेलुखर्क गाउँपालिका
## ऐसेलुखर्क, खोटाङ

☎०३६-४११९०३
☎०३६-४११९०४
E-mail :aiselukharka2073@gma
Website:www.aiselukharkamun
१ नं. प्रदेश, नेपाल


## प्रेस विज्ञप्ती

मिति २०७९/०९/१८ गते रावावेसी गाउँपालिका, हरमटार,खोटाङका सम्पूर्ण कर्मचारीहरुको नामबाट २०७९/०९/१६ गते शनिबार ऐसेलुखर्क गाउँपालिका स्थित पाहुँना घर होटलमा ऐसेलुखर्क गाउँपालिकाका जनप्रतिनिधीहरु तथा सुरक्षाकर्मीहरुको सामुन्ने रावावेसी गाउँपालिकाका सव-इञ्जिनियर श्री विजय आचार्यलाई कुटपिट गरेको तथा जनप्रतिनिधिहरु निरिह रहेको भन्ने आशयको प्रेष विज्ञप्ती प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ। उक्त बेला एकआपसी झैझगडामा हामी जनप्रतिनिधिहरुको कुनै संलग्नता नरहेतापनि जनप्रतिनिधी तथा सुरक्षाकर्मीहरुको नाम जोडिनु खेदजनक रहेको छ। उक्त घटनाको यथार्थ छानविन गरी दोषीउपर कानूनी दायरामा ल्याउनुको सट्टा गाउँपालिकाका जनप्रतिनिधिहरुको नाम जोडी वास्तविक सत्यतथ्य कुराको पहिचान नगरी सामाजिक सञ्जालमा नकरात्मक भ्रम छरी मिथ्या सूचना प्रवाह गर्नेउपर आम जनसमुदायहरुलाई सचेत रहनुहुन अनुरोध गर्दछौ ।

उक्त घटनाको स्पष्ट छानविन गरी दोषीउपर कारबाही गराउन साथै आम नागरिकको सामाजिक सुरक्षा, सामाजिक न्याय एवं शान्ती सुरक्षाको प्रत्याभूती गराउन ऐसेलुखर्क गाउँपालिका कटिबद्द रहेको कुरा पनि स्पष्ट पार्न चाहन्छौ। शान्ती भंग गर्ने/गराउनेप्रति गाउँपालिकाले कानूनी दायरामा ल्याउन सदैव साथ सहयोग रहनेकुरा पनि यस विज्ञप्तीबाट आम जनताहरुमा विश्वास व्यक्त गराउन चाहन्छौ साथै घाईतेको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

२०७९/०९/१९
ऐसेलुखर्क, खोटाङ

ऐसेलुखर्क गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरु